# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुडेशनिघरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०८०/०८१
च.नं. :- १६८५

मिति:- २०८१/०३/०७
ने.सं.:- ११४४, तछलाथ्व १४, शुक्रबार

विषय: सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य हुने सम्बन्धी सुचना ।

श्री सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै,
धर्मदेवी नगरपालिका, सङ्खुवासभा ।

प्रस्तुत विषयमा नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं. ०८०/०८१, च.नं. ३८५, मिति २०८१/०१/२४ को प्राप्त परिपत्र अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण तथा निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric verification अनिवार्य गरिने भएकाले हालसम्म राष्ट्रिय परिचयपत्र नबनाउनु भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले नजिकको Enrollment Station (जिल्ला प्रशासन कार्यालय, खाँदबारी) मा गई राष्ट्रिय परिचयपत्र बनाउनु हुन सम्वन्धित सबैमा जानकारी गराइन्छ। साथै वडा कार्यालयमा सञ्चालन भएको शिविरमा बनाइएका राष्ट्रिय परिचयपत्रहरुमा परिचयपत्र नम्बर (NIN) नहुने हुँदा http://citizenportal.donidcr.gov.np/citizenportal लिङ्क मार्फत् आफ्नो नागरिकता विवरण वा राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरको आधारमा आफै वा नजिकको वडा कार्यालय वा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सेवा इकाईमा गई हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

<u>थप जानकारीका लागि:</u>
धर्मदेवी नगरपालिका राष्ट्रिय पररिचयपत्र तथा पञ्जिकरण सेवा इकाई वा नजिकको वडा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

<u>बोधार्थ :</u>
श्री वडा कार्यालय सबैः सम्पूर्ण लाभग्राहीलाई जानकारी गराई राष्ट्रिय परिचयपत्र अनिवार्य गर्न/गराउनुहुन ।

२०८१/०३/०६
चुडामणी गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np
"स्वच्छ,सुन्दर घर, गाउँ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर"

Scanned with CamScanner